St. Mary's Secondary School, Jawalakhel, Lalitpur, Kathmandu.
G.P.O Box 8975, EPC 481 Phone: 00977-1-5524848/5521574
Email: stmarysschoolktm@gmail.com
Website:www.stmarys.edu.np

# प्रेस विज्ञप्ति

विगत केही दिनदेखि विभिन्न सञ्चार माध्यमहरूमा यस स्कूलका बारेमा विभिन्न समाचार सम्प्रेषण भइरहेको प्रति स्कूलको ध्यानाकर्षण भएको छ । यो संस्था विगत ७० वर्षभन्दा धेरै समयदेखि महिला शिक्षाका क्षेत्रमा देशमा महत्वपूर्ण योगदान गर्दै आएको कुरा निर्विवाद छ । विविधताले युक्त नेपाली समाजका धर्म, जातजाति, भाषा भाषि संस्कृति तथा समाजका विविधताको सम्मान गर्दै त्यही विविधताको संरक्षण र सम्बर्धनमा महत्वपूर्ण योगदान दिदैं आएको कुरा सबैलाई जानकारी भएकै विषय हो । विद्यालय शिक्षा विद्यार्थीहरूलाई शिक्षाका अतिरिक्त नैतिकवान, अनुशासित र दक्ष बनाउने थलो पनि हो । यस विद्यालयले पनि छात्राहरूलाई यसै मूल मर्ममा आधारित भएर शिक्षा दिदैं आएको छ । यस विद्यालयमा पनि विद्यार्थीहरूलाई शिक्षाका अतिरिक्त एक रुपको पोसाक, लवाई लगायतका अनुशासनात्मक पाठ सिकाइन्छ । विद्यालयमा छाडापन स्वीकार्य हुँदैन । यसको मतलब विद्यालयमा अनावश्यक शारीरिक र मानसिक यातनाको थलो बनाइदैन । त्यसमा पनि छात्रा शिक्षा प्रदान गर्ने यस संस्थाका सञ्चालक आफैं पनि नारी ( सिस्टरहरू) भएको र ९० प्रतिशत शिक्षिकाहरूले अध्यापन गर्ने संस्था भएको हुनाले यहाँ नारी संवेदशीलतालाई विशेष ख्याल गरेर शिक्षा दिने हुनाले नै आम अभिभावक वर्गको विश्वास जित्न सफल भएको संस्था हो । स्कूल र स्कूल प्रशासनबाट यौनिकता र लैङ्गिकताका आधारमा कुनै पनि भेदभावजन्य व्यवहार नभएको तथा नगरिने कुरा अवगत गराउँदै यो स्कूलले नेपाल सरकारबाट तर्जुमा गरिएको पाठ्यक्रममा आधारित नेपाल सरकारबाट मान्यता प्राप्त पाठ्यपुस्तकमा आधारित भएर शिक्षा दिदैं आएको कुरा पनि जानकारी गराइन्छ । विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जाल, पूर्व विद्यार्थीहरू, शिक्षक शिक्षिका, अभिभावकवर्ग, विभिन्न क्षेत्रमा क्रियाशील संघ संस्था सबैका सकारात्मक सल्लाह र सुझावलाई आत्मसाथ गर्दै शिक्षा प्रदान गर्ने क्षेत्रमा अझै सुधार गर्ने प्रेरणा पाइरहने अपेक्षा समेत स्कूलले गरेको छ ।

ST. MARY'S SECONDARY SCHOOL * LALITPUR *

Sr. Mariette
प्रिन्सिपल

मिति : २०७७।१२।२५